नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र
२०८०/०८१ अङ्क-३ विद्यालय शिक्षा सम्बन्धी गतिविधि-७१ (पूर्णाङ्क २७६)

# ५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको शुभकामना सन्देश

प्रधानमन्त्री

काठमाडौँ, नेपाल

## शुभकामना



संयुक्त राष्ट्र सङ्घको आह्वानमा यस वर्ष पनि 8 September (भदौ २२) का दिन '**Promoting literacy for a world in transition : Building the foundation for sustainable and peaceful societies**' भन्ने नारा सहित विश्वव्यापी रूपमा साक्षरता दिवस मनाइँदै छ। यस सन्दर्भमा नेपालले पनि '**दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरताको प्रवर्द्धन**' भन्ने आदर्श वाक्यका साथ मनाउन लागेको ५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा सम्बद्ध सबैमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

देश विकासको मेरुदण्डका रूपमा रहेको शिक्षालाई मौलिक हकका रूपमा संविधानले प्रत्याभूत गरेको छ। साथै आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तह सम्मको शिक्षा निःशुल्क हुने व्यवस्था गरिएको छ। त्यसैगरी दिगो विकास लक्ष्य नं. ४ ले आजीवन सिकाइलाई अभिवृद्धि गर्ने उद्देश्य तय गरेको छ। सामाजिक-सांस्कृतिक तथा आर्थिक रूपान्तरणको मुख्य औजारका रूपमा रहेको शिक्षालाई व्यावहारिक रूप दिने सन्दर्भमा नेपाल सरकारले शिक्षामा सबै नागरिकको सहज पहुँच सुनिश्चितताका लागि निरन्तर प्रयास गरिरहेको छ। शिक्षाको गुणस्तर सुधार तथा साक्षरता प्रवर्द्धनमा सबै सरोकारवालाको दायित्व उत्तिकै रहेको हुन्छ। सरकारको साक्षरता अभियानको यात्रामा जोडिँदै गुणस्तरीय शिक्षाको माध्यमबाट सामाजिक न्याय र समृद्धि हासिल गर्नका लागि थप योजनाबद्ध ढङ्गले अगाडि बढ्न तथा अन्तर्राष्ट्रिय स्तरमा गरेका शिक्षा सम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयन गर्न सशक्त र प्रभावकारी रूपमा निरन्तर लागि पर्नुपर्ने आवश्यकता छ। साक्षर नेपाल अभियान अन्तर्गत देशभरिका जम्मा ६४ जिल्ला साक्षर घोषणा भए पनि बाँकी रहेका जिल्लालाई साक्षर तुल्याउन सम्बन्धित सबैमा आह्वान गर्दछु। साक्षर नेपालको हाम्रो लक्ष्य सफल बनाउन सहयोग गर्ने सबैप्रति धन्यवाद ज्ञापन गर्न चाहन्छु। साक्षरतासँगै सीप अभिवृद्धि गरी देशमै रोजगार तथा स्वरोजगारका अवसरहरू सिर्जना गरी शिक्षालाई कामसँग जोड्नुपर्ने विषयलाई मनन् गरी विभिन्न वैकल्पिक माध्यमद्वारा साक्षरता शिक्षालाई निरन्तर रूपमा अगाडि बढाउँदै सबैको पहुँच सुनिश्चित गर्न थप प्रयासको खाँचो छ।

अन्त्यमा, अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा सबैलाई धन्यवाद दिँदै तय भएको नारालाई सार्थक बनाउन सबै क्षेत्रको समन्वय र सहयोगको अपेक्षा सहित यस दिवसको पूर्ण सफलताको कामना गर्दछु।


२२ **भदौ**, २०८०

**पुष्पकमल दाहाल 'प्रचण्ड'**

---

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**सिंहदरबार, काठमाडौँ, नेपाल**

## शुभकामना



५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, शिक्षाकर्मी र सम्पूर्ण दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

शिक्षा विकासका निम्ति पूर्वाधारको पनि पूर्वाधार हो। शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल, योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार गर्दछ। राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र विकासमा यस्तो जनशक्तिको महत्त्वपूर्ण भूमिका रहन्छ। देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि शिक्षा अति आवश्यक छ। समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने र मुलुकको सर्वाङ्गीण विकास सम्पन्न गर्ने मूल आधार नै शिक्षा हो। नेपालको संविधानले शिक्षालाई मौलिक हकका रूपमा स्वीकार गरी आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहको शिक्षा निःशुल्क हुने व्यवस्था गरेको छ। यसरी शिक्षा राष्ट्रको प्राथमिकतामा रहेको छ। साक्षरता, निःशुल्क शिक्षा, सबैका लागि शिक्षा, शिक्षाका लागि भौतिक पूर्वाधार, शिक्षक व्यवस्थापन लगायत जीवन पर्यन्त सिकाइलाई गुणस्तरीय बनाउन सुदृढ शिक्षा प्रणालीको आवश्यकता रहेको छ। संविधानको कार्यान्वयन सँगै दिगो विकासको लक्ष्य हासिल गर्न संरचनागत तथा कार्यमूलक सुधार सहित समग्रतामा परिमार्जन र परिष्कृत शिक्षा प्रणालीको आवश्यकता रहेको छ। संविधानतः शिक्षालाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरिएकोले स्थानीय, प्रदेश र सङ्घ समन्वयात्मक योजनाका साथ अगाडि बढ्दै साक्षरताका कार्यक्रमहरू सञ्चालन गरी साक्षरता अभियान अगाडि बढाउनुपर्ने कुरामा दुईमत हुन सक्दैन। हाल साक्षरता कार्यक्रम अन्तर्गत आधारभूत साक्षरता, साक्षरोत्तर कार्यक्रम र महिला लक्षित आयआर्जन कार्यक्रम रहेका छन्। सामुदायिक सिकाइ केन्द्रहरूले साक्षरता र जीवन पर्यन्त सिकाइ कार्यक्रम सञ्चालनमा सहयोग गरिरहेका छन्। युवा तथा प्रौढहरूमा कार्यमूलक साक्षरताको अभिवृद्धि गर्नु र पढ्ने बानीको विकास गराउनु साक्षरता र जीवन पर्यन्त सिकाइको मूल उद्देश्य राखिएको छ। हामी अन्तर्राष्ट्रिय साक्षरता दिवस २०८० (8 Sep. 2023) मनाउने क्रममा छौँ। साक्षरता अभियानको पवित्र कार्यमा तल्लीन सबैलाई धन्यवाद दिँदै साक्षर नेपालको अभियानमा हामी सबैले हातेमालोका साथ अगाडि बढ्न आवश्यक रहेको छ। यस वर्षको अन्तर्राष्ट्रिय साक्षरता दिवस '**Promoting literacy for a World in transition, Building the foundation for sustainable and peaceful societies**' (दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरताको प्रवर्द्धन) भन्ने मूल आदर्श वाक्यका साथ मनाइरहँदा साक्षर नेपाल कार्यक्रम अन्तर्गत हाल ६४ वटा जिल्ला साक्षर जिल्ला घोषणा भइसकेका छन्। अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर विस्तार गर्नका लागि २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा रहेका छन्।

अन्त्यमा '**सबैका लागि शिक्षा सरकारको प्रतिबद्धता**' भन्ने मूल मन्त्रका साथ युवादेखि वृद्धसम्म साक्षर नेपाल अभियानमा कटिबद्ध हुन आह्वान गर्दछु। साक्षर नेपाल कार्यक्रमको अभियानमा संलग्न सबैलाई धन्यवाद ज्ञापन गर्दै साक्षर नेपाल अभियान सफल बनाउन सबैको सहयोग, सहकार्य र निरन्तरताको अपेक्षाका साथ साक्षर नेपाल अभियान राष्ट्रको साझा अभियानको यात्रामा अगाडि बढ्ने प्रेरणा मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**मा. अशोक कुमार राई**
मन्त्री

---

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**सिंहदरबार, काठमाडौँ, नेपाल**

## शुभकामना



"**Promoting literacy for a world in Transition, Building the Foundation for Sustainable and Peaceful Societies**" भन्ने मुख्य सन्देशका साथ संसारभर "**दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि, साक्षरताको प्रवर्द्धन**" नामक आदर्श वाक्यका साथ ५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवस नेपालमा भव्य रूपमा मनाउन लागिएको छ। यस उपलक्ष्यमा सम्पूर्ण नेपाली समुदायमा हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु।

शिक्षा अरू सबै पूर्वाधारहरूको पनि पूर्वाधार भएकाले शिक्षाको विकास राष्ट्रको प्रमुख प्राथमिकतामा रहेको छ। संविधानले शिक्षालाई सबै नागरिकको मौलिक हक र राज्यको अनिवार्य दायित्वका रूपमा अङ्गिकार गरेको छ। उक्त दायित्वलाई तीनै तहका सरकारहरू बीचको प्रभावकारी समन्वय र सहकार्यबाट हासिल गर्ने अपेक्षा राखिएको छ। शिक्षा क्षेत्रका समग्र नीति, योजना तथा कार्यक्रमहरू, शिक्षामा सबै नागरिकको समतामूलक पहुँच, गुणस्तरको सुनिश्चितता र शैक्षिक सुशासन कायम गर्नेतर्फ केन्द्रित रहेका छन्।

राज्य प्रणालीका अरू अवयव जस्तै शिक्षा प्रणालीमा पनि समयानुकूल सुधार र रूपान्तरण आवश्यक छ। विद्यालय शिक्षामा पहुँचबाट गुणस्तर तर्फको यात्रा तय हुँदै गरेको वर्तमान अवस्थामा विद्यमान निरक्षरता दरले यसको न्यूनीकरणका लागि थप प्रयत्न गर्नुपर्ने अवस्था सिर्जना गरेको छ। निरक्षरता न्यूनीकरणका लागि नेपाल सरकारले विगतमा विद्यालय क्षेत्र विकास योजना र हाल विद्यालय शिक्षा क्षेत्र योजना मार्फत साक्षर नेपाल घोषणाका लागि विभिन्न प्रयास गरे पनि अझै १३ वटा जिल्ला साक्षर घोषणा हुन बाँकी रहेका छन्। बाँकी रहेका जिल्लाहरू मानव विकास सूचकाङ्कका हिसाबले पनि पछाडि परेका जिल्लाहरू भएकाले उक्त स्थानहरूमा थप स्रोत साधनको व्यवस्था गरी साक्षर नेपाल घोषणा गर्ने नेपाल सरकारको प्रतिबद्धता पूरा गर्न सम्बन्धित सरोकारवालाहरूले थप मिहिनेत साथ अघि बढ्नुपर्ने अवस्था रहेकाले यसका लागि हार्दिक आह्वान गर्दछु।

दिगो विकास लक्ष्य नं. ४ ले सबै नागरिकलाई आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने विषय उल्लेख गरेको सन्दर्भमा यसतर्फ पनि राज्यको ध्यान जान जरुरी देखिन्छ। परम्परागत शिक्षा प्रणालीबाट अत्याधुनिक सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षा पद्दतीको कार्यान्वयन, रैथाने ज्ञान तथा सीपको पहिचान तथा प्रमाणीकरण जीवनोपयोगी ज्ञान र सीप सहितको पाठ्यक्रमको कार्यान्वयन, पूर्ण समावेशी शिक्षा, अनौपचारिक शिक्षा र वैकल्पिक शिक्षा समेतको माध्यमबाट शिक्षामा गुणस्तरीयता र मूलप्रवाहीकरण गर्नुपर्ने अवस्था रहेको छ।

शिक्षा सार्वजनिक सरोकारको विषय भएकाले सबैका लागि शिक्षा अभियान सफल पार्नु आवश्यक छ। साक्षर नेपाल घोषणाको राष्ट्रिय अभिभारा पूरा गर्न सरकारी, निजी तथा सहकारी सबै क्षेत्र र सरोकारवालाहरूको सार्थक सहभागिताका लागि हार्दिक अपिल गर्दै यस पुनीत अवसरले हामी सबैलाई शैक्षिक सुधारका दिशामा मन, वचन र कर्मले समर्पित हुन प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु।

**धन्यवाद !**

२०८० **भदौ** १९

**प्रमिला कुमारी**
मानननीय राज्यमन्त्री

---

नेपाल सरकार
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**

सिंहदरबार
काठमाडौँ, नेपाल

## शुभकामना



सुखी र गुणस्तरीय जीवनको आधार स्तम्भका रूपमा अत्यावश्यक मानिएको शिक्षा प्राप्ति प्रत्येक नागरिकको नैसर्गिक हकका रूपमा नेपालको संविधान मार्फत स्थापित भइसकेको सर्वविदितै छ। आधारभूत तह सम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तह सम्मको शिक्षालाई निःशुल्क प्रदान गर्ने संवैधानिक व्यवस्था छ। विद्यालय जाने उमेर समूहका औपचारिक शिक्षाको अवसरबाट वञ्चित रहेका बालबालिकाहरूका लागि अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमको माध्यमबाट साक्षरता जीवन उपयोगी शिक्षा प्रदान गर्ने कार्य नेपाल सरकारका नीति तथा कार्यक्रममा निरन्तरता दिइएको छ। एकातिर विद्यालय उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको मूलधारमा ल्याउनुपर्नेछ भने अर्कोतर्फ वयस्क एवं प्रौढ निरक्षरहरूलाई साक्षरताको अवसर प्रदान गर्नुपर्ने अवस्था विद्यमान छ। शिक्षाका अवसरहरूलाई न्याय सङ्गत एवं समावेशी बनाई सबै नागरिकका लागि गुणस्तरीय एवं सीपमूलक शिक्षा प्रदान आजको आवश्यकता हो। गुणस्तरीय, समावेशी एवं सीपमूलक शिक्षाका लागि तीन तहका सरकार, नागरिक समाज, गैर सरकारी सङ्घसंस्था, शिक्षक, विद्यार्थी, अभिभावक लगायत सबै सरोकारवाला पक्षको सार्थक एवं सक्रिय सहभागिता र योगदानको अपरिहार्यता रहन्छ। आधुनिक युगका चुनौतीको सामना गर्न सक्ने, विज्ञान र प्रविधिको क्षेत्रमा भएका नवीनतम् अन्वेषणबाट लाभ लिने प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु हाम्रो अहिलेको कार्यभार भएको छ।

सबै नागरिकलाई साक्षर तुल्याउँदै, निरक्षरताको अन्त्य गर्ने अभियानका रूपमा अन्तर्राष्ट्रिय स्तरमा प्रत्येक वर्ष सेप्टेम्बर ८ लाई अन्तर्राष्ट्रिय साक्षरता दिवसका रूपमा मनाउँदै आएका छौँ। यस वर्ष ५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवस '**Promoting Literacy for a world in transition : Building the foundation for sustainable and peaceful societies**' (दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरताको प्रवर्द्धन) भन्ने आदर्श वाक्यका साथ विभिन्न कार्यक्रम आयोजना गरी मनाइँदै छ। हालसम्म साक्षर नेपाल अभियान अन्तर्गत ६४ जिल्ला साक्षर बनाउन यहाँहरूले गर्नु भएको योगदानप्रति आभार प्रकट गर्दछु। यस दिवसको पुनीत अवसर सँगै साक्षर बन्ने परिवेश र क्षेत्र विस्तार गरी निकट भविष्यमै साक्षर नेपाल बनाउन आगामी दिनमा पनि सम्बन्धित सबै पक्षको अमूल्य योगदान र सहकार्य रहने अपेक्षा सहित विद्यार्थी, शिक्षक, अभिभावक, पत्रकार, शिक्षाविद्, कर्मचारी लगायत सम्पूर्ण नागरिकमा अन्तर्राष्ट्रिय साक्षरता दिवसका अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

२०८० **भदौ** १८

**सुरेश अधिकारी**
सचिव

---

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर**

## शुभकामना



नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क हुनेगरी मौलिक हकको व्यवस्था गरेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले आधारभूत र माध्यमिक शिक्षा सहित अनौपचारिक शिक्षा, खुला शिक्षा तथा वैकल्पिक र निरन्तर सिकाइ, अभिभावक शिक्षा, सामुदायिक सिकाइ नीतिको व्यवस्थापन स्थानीय तह मार्फत हुने व्यवस्था गरेको छ। संवैधानिक रूपमा स्थापित भएको मौलिक हक कार्यान्वयनका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ र नियमावली, २०७७ लगायतको कानुनी प्रबन्ध भइसकेको छ। विद्यालय शिक्षाको अवसरबाट वञ्चित विभिन्न उमेर समूहका व्यक्तिका लागि शिक्षाको पहुँच विस्तार गर्ने र अनौपचारिक रूपबाट स्वयं हासिल गरेका ज्ञान र सीप परीक्षण प्रमाणीकरण गरी औपचारिक शिक्षा सरहको योग्यता निर्धारण गर्ने व्यवस्था सहित नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय योग्यता प्रारूप, २०७७ को मूल ढाँचा कार्यान्वयनको प्रक्रियामा रहेको छ। सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयमा साक्षरता कार्यक्रमलाई निरन्तरता दिनेगरी साक्षर नेपाल अभियान कार्यक्रमले निरन्तरता पाएको छ। साक्षरता, साक्षरोत्तर शिक्षा, महिला लक्षित आयआर्जनका कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्रहरूलाई थप क्रियाशील तुल्याई कार्यमूलक साक्षरता अभिवृद्धि गर्दै पढ्ने बानीको विकाससँगै आजीवन सिकाइको उद्देश्य प्राप्तिमा टेवा मिल्ने अपेक्षा लिइएको छ। सम्बन्धित सबैको सहयोग, सहकार्य र समन्वयमा हालसम्म ६४ जिल्ला साक्षर घोषणा भइसकेका छन्। यसका लागि सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै बाँकी जिल्लालाई पनि साक्षर जिल्ला घोषणा गर्न अझ बढी सहयोग, सहकार्य र समन्वयको अपेक्षा लिइएको छ।

५७औँ अन्तर्राष्ट्रिय साक्षरता दिवस 8 September 2023 (२०८० भदौ २२) को यस राष्ट्रिय साझा अभियानमा एकजुट भई अगाडि बढ्न सबैमा हार्दिक अनुरोध गर्दछु। अन्तर्राष्ट्रिय साक्षरता दिवस "**Promoting literacy for a world in transition; Building the foundation for sustainable and peaceful societies**" भन्ने अन्तर्राष्ट्रिय नाराका साथै नेपालको सन्दर्भमा "**दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि साक्षरताको प्रवर्द्धन**"भन्ने मूल आदर्श वाक्य अनुरूप अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसर वृद्धिमा सबैको सहभागिताका साथ अगाडि बढ्ने प्रेरणा मिलोस् भन्ने अपेक्षा सहित साक्षर नेपाल कार्यक्रमको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछु।

**धन्यवाद।**

**चूडामणि पौडेल**
महानिर्देशक

---

**"Promoting literacy for a world in transition : Building the foundation for sustainable and Peaceful societies."**

**"दिगो र शान्तिपूर्ण समाज निर्माणका लागि, साक्षरताको प्रवर्द्धन"**

### १ नेपालमा साक्षरताको विद्यमान अवस्था

| क्र.सं. | विवरण | अवस्था |
|---|---|---|
| १ | साक्षरता दर | |
| | ५ वर्षमाथि | ७६.२% |
| | १५-६० वर्ष उमेर समूह | ८५% |
| २ | विद्यालयहरू | |
| | जम्मा | ३६०३२ |
| | सामुदायिक | २७३४३ |
| | संस्थागत | ७३७३ |
| | परम्परागत | १३१६ |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरू | २१५१ |
| ४ | खुला शैक्षिक कार्यक्रम सञ्चालन गर्ने विद्यालयहरू | १२१ |
| ५ | अनौपचारिक विद्यालयहरू | १७१ |
| ६ | साक्षर घोषणा भएका जिल्लाहरू | ६४ |
| ७ | साक्षर घोषणा भएका प्रदेशहरू | ३ (बागमती प्रदेश, गण्डकी प्रदेश, कोशी प्रदेश) |
| ८ | साक्षर घोषणा हुन बाँकी जिल्लाहरू | १३ |
| | मधेश प्रदेश | सप्तरी, सिराहा, धनुषा महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा |
| | कर्णाली प्रदेश | मुगु, जुम्ला, हुम्ला कालीकोट, डोल्पा |
| ९ | साक्षर घोषणा हुन बाँकी स्थानीय तहहरू | १६१ वटा (मधेश प्रदेश १३४, कर्णाली प्रदेश २७ वटा) |
| | | |

### २ साक्षर घोषणा हुन बाँकी स्थानीय तहहरूको विवरण

| क्र. सं. | प्रदेश | जिल्ला | जम्मा स्थानीय तह | घोषणा भएका स्थानीय तह | घोषणा हुन बाँकी स्थानीय तह |
|---|---|---|---|---|---|
| १ | मधेश प्रदेश | धनुषा | १८ | ० | १८ |
| २ | | बारा | १६ | ० | १६ |
| ३ | | पर्सा | १४ | ० | १४ |
| ४ | | रौतहट | १८ | ० | १८ |
| ५ | | महोत्तरी | १५ | ० | १५ |
| ६ | | सर्लाही | २० | ० | २० |
| ७ | | सिरहा | १७ | ० | १७ |
| ८ | | सप्तरी | १८ | २ | १६ |
| १० | कर्णाली प्रदेश | मुगु | ४ | ० | ४ |
| ११ | | जुम्ला | ८ | ० | ८ |
| १२ | | कालीकोट | ९ | १ | ८ |
| १३ | | हुम्ला | ७ | ६ | १ |
| १४ | | डोल्पा | ८ | २ | ६ |
| जम्मा | | | १७२ | २४ | १६१ |

### ३ साक्षर घोषणा भएका जिल्लाहरूको विवरण

| क्र. सं. | जिल्ला | साक्षरता प्रतिशत | साक्षर जिल्ला घोषणा भएको मिति |
|---|---|---|---|
| १ | सिन्धुपाल्चोक | ९८ | २०७१।०३।०२ |
| २ | ललितपुर | १०० | २०७१।०३।०९ |
| ३ | पाल्पा | १०० | २०७१।०३।११ |
| ४ | धादिङ | ९८ | २०७१।०३।२९ |
| ५ | मुस्ताङ | ९६ | २०७१।०१।३१ |
| ६ | स्याङ्जा | ९६ | २०७१।०५।२३ |
| ७ | चितवन | ९८ | २०७१।०५।२३ |
| ८ | अर्घाखाँची | ९८ | २०७२।०२।२२ |
| ९ | सुर्खेत | ९६ | २०७२।०२।२५ |
| १० | प्युठान | ९८ | २०७२।०३।२० |
| ११ | दाङ | ९७ | २०७२।०३।२४ |
| १२ | गुल्मी | ९६ | २०७२।०३।२६ |
| १३ | तनहुँ | ९६ | २०७२।०३।२८ |
| १४ | कास्की | ९६ | २०७२।०३।३० |
| १५ | नवलपरासी पू. | ९८ | २०७२।०३।३१ |
| १६ | नवलपरासी प. | ९८ | २०७२।०३।३१ |
| १७ | रुपन्देही | ९८ | २०७२।०३।३१ |
| १८ | लमजुङ | ९८ | २०७२।०३।३१ |
| १९ | पाँचथर | ९७ | २०७२।०४।०९ |
| २० | नुवाकोट | ९८ | २०७२।०५।२२ |
| २१ | भक्तपुर | ९७ | २०७२।०८।२७ |
| २२ | रोल्पा | ९६ | २०७२।०९।०९ |
| २३ | सल्यान | ९७ | २०७२।०९।१४ |
| २४ | दार्चुला | ९५ | २०७२।०९।१५ |
| २५ | जाजरकोट | ९५ | २०७२।११।२८ |
| २६ | बर्दिया | ९६ | २०७२।१२।२८ |
| २७ | रुकुम | ९७ | २०७३।०१।३१ |
| २८ | रुकुम पूर्व | ९७ | २०७३।०१।३१ |
| २९ | झापा | ९८ | २०७३।०२।१७ |
| ३० | बागलुङ | ९७ | २०७३।०३।०३ |
| ३१ | दोलखा | ९५ | २०७३।०३।१० |
| ३२ | मकवानपुर | ९९ | २०७३।०५।३० |
| ३३ | रामेछाप | ९६ | २०७३।०६।०५ |
| ३४ | धनकुटा | ९७ | २०७३।०८।१६ |
| ३५ | ओखलढुङ्गा | ९९ | २०७३।०९।१० |
| ३६ | दैलेख | ९६ | २०७३।११।२८ |
| ३७ | मनाङ | ९७ | २०७४।०३।२२ |
| ३८ | सिन्धुली | ९९ | २०७४।०३।२४ |
| ३९ | इलाम | ९८ | २०७४।०३।२८ |
| ४० | गोरखा | ९७ | २०७४।०५।०९ |
| ४१ | म्याग्दी | ९६ | २०७४।१०।०८ |
| ४२ | पर्वत | ९७ | २०७४।१०।१८ |
| ४३ | रसुवा | ९६ | २०७४।१०।२९ |
| ४४ | खोटाङ | ९७ | २०७४।११।०२ |
| ४५ | सुनसरी | ९६ | २०७४।११।१५ |
| ४६ | तेह्रथुम | ९६ | २०७४।१२।२० |
| ४७ | भोजपुर | ९६ | २०७४।१२।२५ |
| ४८ | उदयपुर | ९५ | २०७५।११।०५ |
| ४९ | बैतडी | ९७ | २०७६।०१।०६ |
| ५० | डडेल्धुरा | ९७ | २०७६।०१।०८ |
| ५१ | मोरङ | ९७ | २०७६।०३।२१ |
| ५२ | काभ्रेपलाञ्चोक | ९६ | २०७६।११।०७ |
| ५३ | संखुवासभा | ९६ | २०७६।११।०९ |
| ५४ | अछाम | ९६ | २०७८।०३।२१ |
| ५५ | काठमाडौँ | ९७ | २०७८।०५।०४ |
| ५६ | ताप्लेजुङ | ९६ | २०७८।१२।२३ |
| ५७ | बझाङ | ९६ | २०७९।०३।०७ |
| ५८ | सोलुखुम्बु | ९७ | २०७९।०३।२६ |
| ५९ | कैलाली | ९६ | २०७९।०३।२९ |
| ६० | बाजुरा | ९७ | २०७९।०३।३० |
| ६१ | बाँके | ९७ | २०७९।०३।३२ |
| ६२ | कञ्चनपुर | ९७ | २०७९।०५।२३ |
| ६३ | डोटी | ९६ | २०८०।०२।३२ |
| ६४ | कपिलवस्तु | ९६ | २०८०।०३।३१ |

### अनौपचारिक तथा आजीवन सिकाइसँग सम्बन्धित कार्यक्रमहरू

**क. साक्षर नेपाल वर्ष कार्यक्रम सञ्चालन :**

- ६४ वटा जिल्ला र ३ वटा प्रदेशहरू साक्षर घोषणा भएको।
- ५ वर्ष माथिको साक्षरता प्रतिशत ७६.२ प्रतिशत पुगेको।
- १५-६० वर्ष उमेर समूहको साक्षरता प्रतिशत ८५ प्रतिशत पुगेको।
- २०८०।०८१ भित्र नेपाललाई साक्षर नेपाल घोषणा गर्ने लक्ष्य।
- साक्षरताका १२ वटा सूचकहरूको आधारमा साक्षरताका कार्यक्रमहरू सञ्चालन भएको।
- साक्षर घोषणा हुन बाँकी १६१ वटा स्थानीय तहमा साक्षरताका विभिन्न कार्यक्रम सञ्चालन।
- लागत साझेदारीमा आधारित प्रोत्साहन अनुदान प्रदान।
- साक्षर नेपाल कार्यक्रमका लागि विभिन्न विकास साझेदार संस्थासँग समन्वय र सहकार्य गरिएको।

**ख. वैकल्पिक शैक्षिक कार्यक्रम :**

- विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि लक्षित गरी अनौपचारिक शिक्षा तर्फको तह १-३ को संश्लेषित पाठ्यक्रम एवं सिकाइ सामग्रीहरू विकास
- विभिन्न सङ्घसंस्थाबाट सिकाइ सामग्रीहरूको प्रयोग।
- सहजकर्ताहरूका लागि सहजकर्ता मार्गदर्शन पुस्तिका तयारी।

**ग. अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप बमोजिमका कार्यहरू सञ्चालन**

- नेपाल सरकारबाट मिति २०७७ वैशाख २१ मा राष्ट्रिय योग्यता प्रारूपको मूल ढाँचा स्वीकृत भएको।
- अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भई मिति २०८० वैशाख २० गते राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्बाट स्वीकृत भएको।
- अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूपले उल्लेख गरेका सक्षमता र सिकाइका क्षेत्रहरूको आधारमा तह १-३ सम्मका ४७ वटा सिकाइ सामग्रीहरू तयार भएको र तह ४ का सिकाइ सामग्रीहरू विकास हुँदै गरेको अवस्था।
- अनौपचारिक शिक्षाको राष्ट्रिय योग्यता प्रारूप कार्यान्वयन कार्यविधि तयार भएको।

**घ. अनौपचारिक तथा आजीवन सिकाइ अन्तर्गतका कार्यक्रमहरू**

- १७१ वटा अनौपचारिक विद्यालयहरू, १२१ वटा विद्यालयमा खुला शैक्षिक कार्यक्रम र २१५१ वटा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालनमा।
- ११५० वटा परम्परागत विद्यालयहरू सञ्चालन।
- सामुदायिक सिकाइ केन्द्र सञ्चालन एवं व्यवस्थापन मापदण्ड २०७८ जारी।
- परम्परागत शैक्षिक संस्था सञ्चालन एवं व्यवस्थापन मापदण्ड २०७९ जारी।
- अनौपचारिक तथा आजीवन सिकाइ सञ्चालन तथा व्यवस्थापन मापदण्ड २०८० स्वीकृतिका लागि मन्त्रालयमा पेस गरिएको।
- सामुदायिक सिकाइ केन्द्रहरूको शैक्षिक सूचना व्यवस्थापन प्रणाली (NFE EMIS) तयार गरी online बाट reporting गरिएको।

---

Government of Nepal
**Ministry of Education, Science & Technology**
**Center for Education & Human Resource Development**
Sanothimi, Bhaktapur

## Invitation for Sealed Quotation

**First date of publication : - 2080/05/22 B.S. (September 08, 2023 AD)**

1. Center for Education & Human Resource Development Sanothimi, Bhaktapur invites for online submission of sealed quotation for the supply of security guard and Cleaners in CEHRD.
2. The detail of the project are as following.

| Sealed Quotation No. | Description of Works | Min. Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Validity | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| CEHRD/SQ/ SERVICE/080/81/01 | Supply of security guard in CEHRD | NRS. 43,000.00 | 1,000.00 | Bid validity period 45 day | 2080/06/07 B.S. (September 24, 2023 AD), Time: 12:00 AM | 2080/06/07 B.S. (September 24, 2023 AD), Time: 13:00 PM |
| CEHRD/SQ/ SERVICE/080/81/02 | Supply of Cleaners in CEHRD | NRS. 50,000.00 | 1,000.00 | Bid validity period 45 day | 2080/06/07 B.S. (September 24, 2023 AD), Time: 12:00 AM | 2080/06/07 B.S. (September 24, 2023 AD), Time: 13:00 PM |

3. Eligible bidder may obtain further information from PPMO's website www.bolpatra.gov.np.

**Section Head**

(बाँकी पृष्ठ ८ मा)

(पृष्ठ ७ को बाँकी)

## शिक्षक व्यवस्थापन समन्वय शाखाको

### रिक्त दरबन्दी विवरण पठाउने सूचना

**श्री शिक्षा विकास तथा समन्वय इकाइ,**
**सबै।**

खुला तथा बढुवाद्वारा पदपूर्ति गर्नुपर्ने शिक्षक पदको विज्ञापनका लागि रिक्त दरबन्दी विवरण पठाउनुपर्ने भएकोले २०८० वैशाख १ गतेदेखि २०८० चैत्र मसान्तसम्म रिक्त भएका र रिक्त हुने शिक्षक दरबन्दीको विवरण अनिवार्य रूपमा तपसिल बमोजिमको तोकिएकै ढाँचामा तयार गरी २०८०/०५/३१ गतेभित्र सोको soft copy (Excel sheet) र hardcopy (signed and scanned) समेत teachermgt.cehrd@gmail.com मा पठाउनुहुन निर्देशानुसार अनुरोध छ।

**पुनश्च :**

१. **खुद पुल दरबन्दी रहेका स्थानीय तहहरूको हकमा खुद पुल दरबन्दी रहेको तहमा खुद पुल रहेसम्म विज्ञापन नगरिने भएकोले उक्त स्थानीय तहहरूको रिक्त विवरण नपठाउनुहुन तथा सो पदमा कुनै पनि व्यहोराले पदपूर्ति नगर्नु/नगराउनुहुन।**
२. **गत वर्षको विज्ञापनबाट पदपूर्ति हुन नसकेका पद सङ्ख्या समावेश नगर्नुहुन।**
३. **मावि तहमा गणित-विज्ञान विषय नहुने भएकाले गणित वा विज्ञान विषयमा अलग अलग विषयगत रिक्त विवरण मात्र माग गर्नुहुन।**
४. **ऐच्छिक विषयमा विषय स्पष्ट खुलाइ पठाउनुहुन।**
५. **आयोगबाट गरिने विज्ञापनका लागि पठाइएका रिक्त दरबन्दीमा कुनै पनि व्यहोराले स्थायी पदपूर्ति नगर्नु नगराउनु हुन।**

### रिक्त शिक्षक दरबन्दी विवरण पठाउने ढाँचा

**माध्यमिक तह तृतीय श्रेणी- खुला प्रतियोगिताका लागि**

**प्रदेशको नाम :** **जिल्ला:**

| सि.नं. | स्थानीय तहको नाम | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | ऐच्छिक प्रथम | ऐच्छिक द्वितीय | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | विषय समेत खुलाउनु हुन | विषय समेत खुलाउनु हुन | | |
| | जिल्लाको जम्मा | | | | | | | | | |

**निम्नमाध्यमिक तह तृतीय श्रेणी- खुला प्रतियोगिताका लागि**

**प्रदेशको नाम:** **जिल्ला:**

| सि.नं. | स्थानीय तहको नाम | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | ऐच्छिक प्रथम | ऐच्छिक द्वितीय | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | विषय समेत खुलाउनु हुन | विषय समेत खुलाउनु हुन | | |
| | जिल्लाको जम्मा | | | | | | | | | |

**प्राथमिक तह तृतीय श्रेणी- खुला प्रतियोगिताका लागी**

**प्रदेशको नाम:** **जिल्ला:**

| सि. नं. | स्थानीय तहको नाम | जम्मा | कैफियत |
|---|---|---|---|
| | | | |
| | जिल्लाको जम्मा | | |

**बढुवाका लागि**

**प्रदेशको नाम:** **जिल्ला:**

| सि. नं. | स्थानीय तहको नाम | प्राथमिक तह | | निम्नमाध्यमिक तह | | माध्यमिक तह | |
|---|---|---|---|---|---|---|---|
| | | प्रथम श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी | प्रथम श्रेणी | द्वितीय श्रेणी |
| | जिल्लाको जम्मा | | | | | | |

## राष्ट्रिय विज्ञान दिवस २०८० मनाउने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध

सम्पूर्ण वैज्ञानिक, प्राविधिक, शिक्षक, विद्यार्थी र विज्ञान तथा प्रविधिको पैरवी गर्नुहुने सबै सरोकारवालाहरूलाई विज्ञान, प्रविधि, अनुसन्धान र नव-प्रवर्तनको क्षेत्रमा संलग्न सङ्घ/संस्था वा व्यक्तिहरूका बारेमा सुसूचित गर्न, यी विधाको राष्ट्रिय एकीकृत दृष्टिकोण निर्माण गर्न, वैज्ञानिक, प्राविधिक तथा नव-प्रवर्तकहरूको मनोबल उच्च राख्न तथा यस विधाप्रति भावी पुस्तालाई चाख र रूची बढाउन नेपालमा विज्ञान तथा प्रविधिको विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने अमृत साइन्स क्याम्पस स्थापनाको अवसर पारी हरेक वर्ष असोज १ गतेका दिन राष्ट्रिय विज्ञान दिवस मनाउने गरिएको विदितै छ। यस वर्षको राष्ट्रिय विज्ञान दिवस पनि "**विज्ञान साक्षरता र उद्यमशीलता : सबल अर्थतन्त्रको आधारशीला**" भन्ने आदर्श वाक्यका साथ आगामी २०८० असोज १ गते मनाउन लागिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

यस दिवसलाई स्थानीय एवं प्रदेश स्तरका सरकारी तथा गैर सरकारी संस्थाहरूले पनि राष्ट्रिय दिवसका रूपमा भव्यताका साथ मनाउन आफू मातहतका निकायहरूमा मार्गदर्शन र सहजीकरण गरिदिनुहुन प्रदेश तथा स्थानीय सरकारहरूलाई मन्त्रालय अनुरोध गर्दछ।

यस राष्ट्रिय अवसरमा सबै विश्वविद्यालय वा अन्तर्गतका निकाय, विद्यालयहरू, शिक्षालयहरू, सार्वजनिक संस्थाहरू, औद्योगिक संस्थाहरू र अन्य सबै सरोकारवालाहरूलाई विज्ञान दिवसको आदर्श वाक्य राखी विभिन्न रचनात्मक कार्यक्रमहरू आयोजना गरी मनाउन र सोको जानकारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई गराउनुहुन अनुरोध गर्नेगरी निर्णय भए बमोजिम यस्ता कार्यक्रमहरूलाई राष्ट्रिय स्तरको मान्यता प्राप्त गर्न प्रस्ताव पेस गर्न इच्छुक संस्थाहरू र निकायहरूले मन्त्रालयको वेबसाइट www.moest.gov.np मा प्रकाशित विज्ञान दिवस मनाउन प्रस्ताव सम्बन्धी सूचना बमोजिम प्रस्ताव पेस गर्नुहुन आह्वान गर्दछौं।

यसै सन्दर्भमा राष्ट्रिय विज्ञान दिवस २०८० को मूल समारोहको कार्यक्रम राष्ट्रिय प्रकृति संरक्षण कोषको सभाहल, खुमलटार, ललितपुरमा आगामी २०८० असोज १ गते आयोजना हुने समेत जानकारीका लागि अनुरोध छ।

## ५७औं अन्तर्राष्ट्रिय साक्षरता दिवस २०८० को सुखद अवसरमा सबै प्रति हार्दिक शुभकामना व्यक्त गर्दै

**आर्थिक वर्ष २०८०।०८१ मा विद्यालयको भौतिक पूर्वाधार सर्वेक्षण, विद्यालय नक्साङ्कन कार्य सम्पन्न गरी गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सबै स्थानीय तहहरूलाई सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछौं।**

**सबै स्थानीय तहका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रको अनुरोध।**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ का आधारमा विद्यालय शिक्षाको व्यवस्थापन स्थानीय तहबाट हुँदै आएको छ। प्रत्येक बालबालिकाले शिक्षा पाउने संवैधानिक हकको सुनिश्चितता गर्न अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ दफा ४ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने व्यवस्था गरेको सन्दर्भ र हाल सञ्चालनमा रहेका कतिपय विद्यालयहरूमा विद्यार्थी सङ्ख्या अति न्यून रहेका, कतिपय समुदायमा बसाइ सराइ वा अन्य कारणले विद्यालय आउने बालबालिकाको सङ्ख्या अति नै न्यून रहेको र केही स्थानमा विद्यालय नभएका कारणले विद्यार्थीको पढन पाउने हक सुनिश्चित हुन नसक्ने जस्ता अवस्था देखिएको र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ज (१२) मा विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन सम्बन्धी काम स्थानीय तहबाट हुने व्यवस्था भएकाले चालू आ.व. २०८०।०८१ मा देशभर नै विद्यालय नक्साङ्कन गर्ने, नक्साङ्कनका आधारमा विद्यालय समायोजन मर्ज गर्ने र विद्यालयको भौतिक सर्वेक्षण गर्ने कार्यका लागि स्थानीय तहमा कार्यक्रम तथा बजेट वित्तीय हस्तान्तरण भएको छ। आफ्नो स्थानीय तहमा सञ्चालनमा रहेका विद्यालयको भौतिक अवस्था पहिचानका लागि सर्वेक्षण गर्न, नक्साङ्कन र सो आधारमा समायोजन हुने तथा मर्ज गर्ने कार्यको तयारी देहायका आधारमा गर्नुहुन शिक्षा तथा मानव स्रोत विकास केन्द्रको निर्णयानुसार अनुरोध छ।

(१) **विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८० को दफा ६ अनुसार स्थानीय तहस्तरीय विद्यालय पूर्वाधार विकास समिति गठन गर्ने गराउने व्यवस्था मिलाउने।**
(२) **स्थानीय पूर्वाधार समितिको बैठक बसी विद्यालय सर्वेक्षण एवं नक्साङ्कन सम्बन्धी कार्य गर्नका कार्ययोजना विकास गरी स्वीकृति गर्ने। समितिले कार्ययोजना बनाउँदा अगाडि नै स्थानीय तह भित्रका विद्यालयहरूको हालको भौतिक अवस्थाको लेखाजोखा गर्ने विषय, भौगोलिक अवस्थिति, जनघनत्व, विद्यालय जाने उमेर समूहका बालबालिकाको सङ्ख्या एवं अवस्थाका आधारमा हाल सञ्चालनमा रहेका विद्यालयहरूमध्ये मर्ज, समायोजन एवं तह घटाउने सम्भावना भएका विद्यालय पहिचानको विषय र अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐनको दफा ७ ले गरेको व्यवस्था तथा यस अघि अभ्यास हुँदै आएको हिडाई दूरी समेतलाई विचार गरी कुनै स्थानमा नयाँ विद्यालय स्थापना गर्नुपर्ने वा ऐनको दफा १४ १५ र १६ बमोजिमको वैकल्पिक ढाँचाको शिक्षा व्यवस्थापन गर्नुपर्ने हो ? सो समेतको सूचना प्राप्त गर्ने विषयमा समितिको स्पष्ट धारणा बनाई आगामी शैक्षिक सत्र २०८१ देखि कार्यान्वयन गर्नेगरी तयारी गर्ने।**
(३) **समितिले यसै शीर्षकको बजेट एवं स्थानीय तहबाट साझेदारी भएको बजेटबाट कार्यशाला बैठक सामग्री विकास तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने।**
(४) **विद्यालय नक्साङ्कन एवं विद्यालय सर्वेक्षणका लागि प्रणाली IEMIS मा अद्यावधिक भइसकेको प्रणालीको उपयोग गर्ने, भौतिक पूर्वाधार सर्वेक्षणका लागि स्थानीय तहमा कार्यतरत प्राविधिक कर्मचारी विद्यालयमा रहेको प्राविधिक इन्जिनियरलाई समेत परिचालन गरी स्थानीय तहमा भएका सबै विद्यालय भवनहरूको लेखाजोखा गर्ने व्यवस्था मिलाउने र IEMIS मा विद्यालयको फोटो सहितको विवरण तयार गरी प्रविष्ट गर्ने।**
(५) **विद्यालयका प्रधानाध्यापक र IEMIS को कार्य जिम्मेबारी तोकिएका शिक्षक कर्मचारीका लागि अभिमुखीकरण सञ्चालन गर्ने।**
(६) **विद्यालयमा अध्ययनरत विद्यार्थी, भौतिक अवस्था तथा जनसाङ्खिक आधारमा विद्यालयको नक्साङ्कनको प्रतिवेदन तयार गर्ने। प्राप्त प्रतिवेदनका आधारमा विद्यालय अनुमति, विद्यालय समायोजन एकीकरण जस्ता विषयमा निर्णय गर्ने।**
(७) **यस सम्बन्धी थप जानकारी एवं सहजीकरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट हुनेछ।**

## राष्ट्रिय शिक्षा दिवस २०८० मनाउने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुरोध

राष्ट्रिय शिक्षा दिवस २०८० आगामी असोज २ गते "**समावेशी र सिपमूलक शिक्षा : स्वदेशमै युवा राष्ट्रको इच्छा**" भन्ने आदर्श वाक्यका साथ मनाउन गइरहेको व्यहोरा अनुरोध छ। यस राष्ट्रिय शिक्षा दिवस २०८० को आदर्श वाक्य समेतलाई आत्मसात गरी आ-आफ्नो तहबाट सप्ताहव्यापी कार्यक्रमहरू तय गरी मनाउन मूल समारोह समितिका तर्फबाट देहायबमोजिम अनुरोध गर्ने निर्णय भएकोले सोहीबमोजिम गर्नु गराउनुहुन सबैमा पुनः अनुरोध गरिन्छ।

१. **प्रदेश स्तरमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्न प्रदेश सरकार मुख्य मन्त्रीको कार्यालयलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमार्फत अनुरोध गरी पठाउने र प्रदेश शिक्षा हेर्ने मन्त्रालयलाई शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले पत्राचार गर्ने।**
२. **स्थानीय तहमा र विद्यालय तहमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गर्न/गराउन सबै स्थानीय तहहरूलाई अनुरोध गर्ने। यसमा आवश्यक सहजीकरणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला समन्वय समिति महासङ्घ, नेपाल नगरपालिका सङ्घ र गाउँपालिका राष्ट्रिय महासङ्घलाई समेत अनुरोध गरी पठाउने।**
३. **सबै विश्वविद्यालय तथा प्रतिष्ठानहरूले ती विश्वविद्यालय र प्रतिष्ठान अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त कलेजहरूमा शिक्षा दिवस मनाउने व्यवस्थाका लागि विश्वविद्यालय अनुदान आयोग मार्फत् सबै विश्वविद्यालय र प्रतिष्ठानहरूमा लेखी पठाउन अनुरोध गर्ने।**
४. **पोलिटेक्निक र प्राविधिक शिक्षालयहरूमा शिक्षा दिवसका कार्यक्रमहरू सञ्चालन गर्ने/गराउने व्यवस्थाका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्लाई अनुरोध गर्ने।**
५. **विद्यालय तहमा, स्थानीय तहमा र जिल्ला तहमा शिक्षा दिवसका कार्यक्रमहरू तर्जुमा गरी मनाउने सन्दर्भमा आवश्यक सञ्चार, समन्वय र सहजीकरणका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रले आवश्यक कार्यहरू गर्ने/गराउने।**
६. **शिक्षासँग सम्बन्धित अन्य सरोकारवाला संस्थाहरू, ट्रेड युनियनहरू र पेशागत सङ्घ/संस्थाहरू, गैह्र सहकारी संस्थाहरू, सामाजिक सङ्घ/संस्थाहरूले आफ्नो अनुकूलता हेरी शिक्षा दिवसका कार्यक्रमहरू गर्न र विद्यालय तहदेखि मूल समारोहको कार्यक्रमहरूमा सहभागिताका लागि अनुरोध गर्ने।**

**राष्ट्रिय शिक्षा दिवस २०८० मूल समारोहको कार्यक्रम सोही दिन दिउँसो नेपाल प्रज्ञा प्रतिष्ठानको हल कमलादी, काठमाडौंमा हुने भएकोले सहभागिताका लागि समेत हार्दिक अनुरोध गरिन्छ।**